**सर्वोच्च अदालत, संयुक्त इजलास**

**सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**आदेश**

**०७५-WO-0२००**

**मुद्दाः- उत्प्रेषण परमादेश समेत ।**

जिल्ला रुपन्देही, मायादेवी गाउँपालिका वडा नं.६ बस्ने वर्ष ५३ को शशिधर पाण्डेय .......१

जिल्ला रुपन्देही, मायादेवी गाउँपालिका वडा नं. ६ बस्ने बर्ष ३७ को गिताकुमारी बरई...१ **निवेदक**

जिल्ला पर्सा, पोखरिया न.पा. वडा नं. १ बस्ने बर्ष ३८ को अवधेश प्रसाद कुर्मी

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार, काठमाण्डौं................................१ **विपक्षी**

गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ..........................................................................१

नेपालको संविधानको धारा १३३(२) बमोजिम यस अदालतमा दर्ता हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार रहेको छः

1. हामी निवेदकहरु मधेश आन्दोलनका क्रममा भएको मानवअधिकार उल्लंघनका घटनाका पीडित नेपाली नागरिक हौं । संविधान जारी हुनु अघि र संविधान जारी भएपश्चात तराईका विभिन्न ठाँउमा मधेश केन्द्रित दल तथा अन्य दलहरुले नेपाल सरकारसँग विभिन्न माग राखी आन्दोलन गरिरहेका थिए। आन्दोलनका क्रममा शहादत प्राप्त गरेका निर्दोष व्यक्तिका न्यायका लागि नेपाल सरकारले उक्त घटनाको सत्य तथ्य छानबिनको निम्ति मिति २०७४।०८।२८ गते सर्वोच्च अदालतको पूर्व माननीय न्यायाधीश गिरीश चन्द्र लाल अध्यक्ष रहेको "तराई, मधेश, थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरुले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरुको सत्य तथ्य छानबीन सम्बन्धी गठित उच्च स्तरीय छानबीन आयोग" गठन गरेको थियो। उक्त आयोगले अध्ययन र छानबिन गरी तयार पारेको प्रतिवेदन औपचारिक रुपमा यस प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको प्रमुख तत्कालीन सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवालाई बुझाएको थियो। तर सरकारले उक्त प्रतिवेदन हाल सम्म सार्वजनिक गरेको छैन भने

आयोगको सिफारिस कार्यान्वयन गर्न कुनै कदम समेत चाल्न चाहेको देखिदैन। हामी पीडितहरु सूचनाको हक अन्तर्गत समेत प्रतिवेदनको प्रतिलिपि माग गर्दै धेरै पटक सरकारको ढोका घच्घचाउँदा पनि सरकारले प्रतिवेदन सार्वजनिक नगरेको र कार्यान्वयनको लागि पनि कुनै कदम नचालेको, सूचना समेत नदिएको अवस्थामा छ।उक्त छानबीन आयोगको प्रतिवेदन प्रमाणित प्रतिलिपी पाऊँ भनि मिति २०७४।०९।१६ गते हामी निवेदकहरु प्रधानमन्त्री कार्यालयको सूचना अधिकारी समक्ष निवेदन दिएका थियौं। सो कार्यालयले मिति २०७४।०९।२५ मा "सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ तथा दफा ७(१) बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४।०९।१३ को बैठकको निर्णय अनुसार आवश्यक कारवाहीको लागि गृह मन्त्रालयमा पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ" भनि हामीलाई जानकारी दिएको थियो । मिति २०७४।०९।३० मा गृह मन्त्रालयमा पनि सोही प्रतिवेदनको जानकारीको सम्बन्धमा हामी निवेदकहरुले निवेदन दिएका थियो । सो सम्बन्धमा विपक्षी गृह मन्त्रालयले "उक्त निवेदनमा उल्लेखित तराई मधेश र थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनैतिक दलहरुले गरेको आन्दोलनको क्रममा भएका हिँसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरुको सत्यतथ्य छानबिन सम्बन्धि उच्चस्तरीय जाँचबुझ आयोग २०७३ को प्रतिवेदन यस मन्त्रालयमा प्राप्त नभएको हुँदा सोही व्यहोरा जानकारीका लागि अनुरोध छ" भनि मिति २०७४ साल माघ १४ गते जानकारी दिएको थियो। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, गृह मन्त्रालयले हाम्रो माग बमोजिमको जवाफ नदिएपछि हामी न्याय पाउँनको लागि सूचना आयोगमा पुनरावेदन पत्र दर्ता (दर्ता नं. १४७३) गरेका थियौँ। पटक पटक सूचना आयोगको ढोका ढक ढकाउँदा आयोगले उक्त प्रतिवेदन कुन दिन, कुन समय वा कहिले सार्वजनिक हुन्छ भन्ने सम्बन्धमा केही कुरा उल्लेख नगरी पत्र मार्फत हामीलाई मिति २०७४।१२।२१ मा केवल प्रक्रियागत कुराको जानकारी मात्र दिएको छ । सो पत्रमा (प.स. ०७४-०७५ च.न. १९१९) "उक्त कार्यालयको च.न. ३३ ०७४-७५-४२६४ मिति २०७४।११।२३ को पत्रसाथ प्राप्त सूचनाको पाना ४ (चार) को प्रतिलिपी तपाईको जानकारीको लागि पठाईएको व्यहोरा आदेशानुसार अनुरोध गरिन्छ" भन्ने कुरा मात्र उल्लेख गरेको छ। ती पत्रहरुमा हामी निवेदकलाई दिएको जवाफको सेरोफेरोमा रहेको छ। सो छानबीन आयोगको प्रतिवेदन हामी निवेदकहरुको व्यक्तिगत सरोकारको विषयबारे अवगत हुनका लागि र न्याय प्राप्तिका हेतु प्रमाणका रुपमा समेत प्रयोग गर्नका लागि उल्लेखित "तराई, मधेश, थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरुले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरुको सत्य तथ्य छानबीन सम्बन्धी गठित उच्च स्तरीय छानबीन आयोग" को प्रतिवेदनको पुर्ण पाठ माग गरेका थियौं तर विपक्षीहरुले न त सूचना दिए, न त सूचना नदिने कारण नै खुलाउन सके। उक्त प्रतिवेदन नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।९।१३ को बैठक निर्णय अनुसार आवश्यक कारबाहीको लागि गृह मन्त्रालयमा पठाइएको व्यहोरा जानकारी गराएको छ भने गृह मन्त्रालयले हामीसँग उक्त प्रतिवेदन आएको छैन, भन्ने जानकारी दिएको छ । यसरी जनताले मागेको सूचना नदिएकोले नेपालको संबिधानको धारा २७ सूचनाको हक लगायतका मौलिक हक, सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३(१),(२) बमोजिमको हक अधिकार तथा मानसिक र आर्थिकरुपमा

समेत गम्भीर आघात परेकोले सम्मानित अदालत समक्ष यो निवेदन लिई उपस्थित हुन बाध्य भएका छौ।

२. अतः नेपालको संबिधानको धारा २७ सूचनाको हक लगायतका मौलिक हक, सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ३(१),(२) बमोजिमको हक लगायतको हक अधिकारको संरक्षण र प्रबर्धन गर्नको लागि "तराई, मधेश, थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरुले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरुको सत्य तथ्य छानबीन सम्बन्धी गठित उच्च स्तरीय छानबीन आयोग" को प्रतिवेदनको पुर्ण पाठ दिनु दिलाउनु तथा पीडितहरुलाई प्रतिवेदन कार्यान्वयन सम्बन्धि जानकारी गुर्न गराउनु भनि विपक्षीहरुको नाउँमा परमादेश लगायत जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी पाऊँ। साथै यो निवेदनको अन्तिम टुंगो नलागेसम्म विपक्षीहरुको नाउँमा उक्त प्रतिवेदनको कार्यान्वयनको अवस्था सम्बन्धमा यस सम्मानित अदालत मार्फत आवधिक रुपमा प्रतिवेदन कार्यान्वयनमा भएको प्रगतिबारे हामी पीडितलाई जानकारी गर्नु गराउनु भनी विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(१) बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ भन्ने समेत ब्यहोराको निवेदन पत्र।

३. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए बाटाका म्यादबाहेक १५ दिन भित्र विपक्षी न. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नं.३ को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनीधि मार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुको नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछी नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०७५/५/१७ को आदेश ।

४. गृह मन्त्रालय नेपालको संविधान तथा कानून परिपालना गरी, गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान त कानून प्रदत्त हक, अधिकारहरुको सम्मान, संरक्षण एवं सम्वर्द्धन गर्ने कुरामा प्रतिवद्ध रहेको छ नेपालको संविधानको धारा २७ द्वारा प्रदत्त सूचनाको हकलाई कार्यान्वयन गर्न सूचनाको हक सम्बन्धी ऐन, २०६४ जारी भई कार्यान्वयनमा रही उक्त ऐनमा सूचनाको प्राप्तिको प्रकृया निर्धारणको गर्नुको साथै कतिपय संवेदनशील सूचना प्रवाह नहुने कुराको समेत प्रष्ट व्यवस्था गरिएको छ । उक्त ऐनको दफा दफा ३ अनुसार सूचनाको हक द्वारा संबेदनशिल भनी औल्याईएका बिषयको सूचना सार्वजनिक नभएको बिषयलाई लिएर दायर भएको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत ब्यहोराको बिपक्षी गृह मन्त्रालयको लिखित जवाफ ।

५. निवेदकले निवेदन जिकिरमा नै आफुहरुले यस कार्यालयमा सूचना माग गरे बमोजिम मिति २०७४/९/२५ मा नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७४/९/१३ को बैठकको निर्णय अनुसार आवश्यक कारवाहीको लागि गृह मन्त्रालयमा पठाइएको व्यहोराको जानकारी उपलब्ध गराएको भन्ने कुरा उल्लेख गरेको देखिएको छ । प्रस्तुत सम्बन्धमा निवेदकहरुले पुनः सूचना आयोगमा उजुरी र सूचना आयोगबाट उक्त विषयको निरुपण गरिएको भन्ने रिट निवेदन व्यहोराबाट नै देखिएको हुँदा सोही विषयमा सम्मानित अदालतमा रिट निवेदन

दायर गर्न नमिल्नेभएकोले निवेदकको निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको बिपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको लिखित जवाफ ।

६. राष्ट्रिय सूचना आयोगबाट सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम तोकिएको प्रकृया बमोजिम विपक्षी रिट निवेदकलाई सूचना उपलब्ध गराउने प्रकृया भैरहेको र विपक्षीले यस आयोगमा दिएको पुनरावेदन विचाराधीन रहेकै अवस्थामा कानूनी उपचारको बाटो अबलम्बन गर्दा गर्दै रिटको माध्यमबाट विपक्षीले सम्मानीत अदालतमा निवेदन दर्ता गर्नु भएको हुँदा कानूनी उपचारबाटै विपक्षीको माग सम्बोधन हुने हुँदा वैकल्पिक उपचारको रुपमा रिटको माध्यमबाट आदेश जारी गरिरहनु पर्ने अवस्था छैन । यस आयोगमा विचाराधीन रहेको विपक्षीको पुनरावेदनको निर्णयमा प्रभाव पार्ने उद्धेश्यले प्रस्तुत रिट दायर गरिएको हुँदा विपक्षीले रिट दाबी लिएको बिषयको सम्बन्धमा यस आयोगबाट विपक्षीको पुनरावेदनमा निर्णय हुँदा उचित निर्णय हुने नै भएकोले प्रस्तुत रिट निवेदन खारेज भागी छ, खारेज गरी पाउँ भन्ने समेत व्यहोराको बिपक्षी सूचना आयोगको लिखित जवाफ ।

## आदेश

७. नियम वमोजिम दैनिक पेशी सूचीमा चढी सुनुवाइका लागी पेश भएको प्रस्तुत निवेदन अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्धान बरिष्ठ अधिवक्ता श्री सुरेन्द्र कुमार महतोर बिद्वान अधिवक्ता श्री शैलेन्द्र प्रसाद हरिजनले मेरो पक्ष निवेदक मधेश आन्दोलनको क्रममा भएको हिंसात्मक गतिबिधिको पिडित रहेकोले उक्त आन्दोलनको क्रममा भएको घटनाको छानबिन गर्न बनेको लाल आयोगको प्रतिवेदन सरकारले हाल सम्म पनि सार्वजनिक नगर्दा मेरो पक्ष झन् पिडित हुन गई मेरो पक्षले सरकारसँग उक्त आयोगको प्रतिबेदनको प्रतिलिपि माग गरी निवेदन दिएकोमा हाल सम्म पनि मेरो पक्षलाई कुनै स्पष्ट सूचना नदिई सबैधानिक हकको हनन गरेकोले मेरो पक्षलाई निवेदन माग बमोजिमका सूचना दिनु भनी परमादेश लगायतका आदेश जारी गरी पाँउ भनी गर्नु भएको बहस समेत सुनियो।

८. त्यसै गरी विपक्षीहरुको तर्फबाट विद्वान उपन्यायाधिवक्ता श्री अर्जुन प्रसाद कोईरालाले निवेदकले माग गरेको सूचनाको संवेदनशीलतालाई मध्यनजर गरी सूचना दिन ढिलाई भएको हो।रिट निवेदकले सूचना प्राप्त गर्नका लागि राष्ट्रिय सूचना आयोगमा पुनरावेदन दर्ता गरिसकेको परिप्रेक्ष्यमा सूचना आयोगबाट नै निवेदकको माग सम्बन्धमा उचित निर्णय हुने भएकोले वैकल्पिक उपचारको बाटो अपनाई पुनरावेदन कारबाहीयुक्त रहेको अवस्थामा रिट निवेदन दायर गरेकोले रिट निवेदन खारेज गरी पाँउ भनी गर्नु भएको बहस समेत सुनियो।

९. उल्लेखित दुबै पक्षका बिद्वान कानुन ब्यवसायीले गर्नु भएको बहस र निवेदन दाबी तथा लिखित जवाफलाई दृष्टिगत गरी हेर्दा निवेदन माग बमोजिम आदेश जारी गर्नु पर्ने हो होइन भन्ने सम्वन्धमा निर्णय गर्नुपर्ने हुन आयो।

१०. निवेदकहरुले "तराई, मधेश, थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरुले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरुको सत्य तथ्य छानबीन सम्बन्धी गठित उच्च स्तरीय छानबीन आयोग"को प्रतिबेदनको प्रतिलिपि पाँउ भनी मिति २०७४/९/१६ मा प्रधानमन्त्री कार्यालयमा निवेदन दिएकोमा सो कार्यालयले २०७४/९/१३ को मन्त्रि परिषदको निर्णयबाट सो प्रतिवेदन गृहमन्त्रालयमा पठाएको भनी

जानकारी दिए पछि मिति २०७४/९/३० मा गृहमन्त्रालयमा निवेदन दिए पछि गृहमन्त्रालयबाट उक्त प्रतिबेदन यस मन्त्रालयलाई प्राप्त नभएको भनी मिति २०७४/१०/१४ मा जानकारी दिएको थियो । उक्त निकायबाट चित्त बुझ्दो जवाफ नपाए पछि तथा माग बमोजिमको प्रतिबेदनको प्रतिलिपि नपाए पछि राष्ट्रिय सूचना आयोगमा पुनराबेदन पत्र ( दर्ता नं. १४७३ मा) दर्ता गरेको भनी निवेदकले निवेदन पत्रमा उल्लेख गरेको पाईन्छ । उक्त पुनराबेदन पत्र माथी राषट्रिय सूचना आयोगमा कारवाहीयुक्त रहेकै अवस्थामा प्रस्तुत रिट निवेदन दायर हुन आएको पाईन्छ ।

11. कुनै पनि नेपाली नागरिकलाई आफुलाई आवश्यक परेको सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित निकाय वा अधिकारी समक्ष निर्धारित कार्यबिधी अनुरुप निवेदन दिन सक्ने र के कस्ता खालका सूचना सार्वजनिक गर्न मिल्ने र नमिल्ने सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन २०६४ ले स्पष्ट ब्यवस्था गरेको छ। उक्त ऐन अनुसार सूचनाको बर्गिकरण गरी सार्वजनिक गर्न मिल्ने र नमिल्ने निर्णय गर्नु पर्ने कर्तब्य कानूनले राज्यका सार्वजनिक निकायलाई दिएको छ। तर राज्यका निकायले सूचना उपलब्ध नगराएमा, सूचना दिन अस्वीकार गरेमा, आंशिक रुपमा सूचना उपलब्ध गराएमा वा गलत सूचना दिएमा वा सरोकारवाला होइन भनी सूचना नदिएमा सम्बन्धित व्यक्तिले त्यसरी सूचना नपाएको वा आंशिक रुपमा सूचना पाप्त गरेको अवस्थामा निवेदकलाई माग बमोजिम सूचना नदिएमा वा आलटाल गरी गुमराहमा राखेमा निवेदकलाई ति निकाय बिरुद्ध सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा १० अनुसार राष्ट्रिय सूचना आयोगमा पुनराबेदन गर्न पाउने ब्यवस्था भएको र सोही ऐनको दफा १०(४) मा "आयोगले पुनरावेदन परेको साठी दिनभित्र सो पुनरावेदनको सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय गर्नु पर्नेछ" भन्ने समेत ब्यवस्था गरेको छ।

12. प्रस्तुत रिट निवेदनमा माग गरेको बिषयमा राज्यका निकायले सूचना तथा प्रकृया को बारेमा आधार कारण खोली निर्णय नगरी निवेदकलाई गुमराहमा राखे पछि राष्ट्रिय सूचना आयोगमा पुनराबेदन दिएको पाईन्छ ।प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले आफ्नो लिखित जवाफमा निवेदकले माग गरेको सूचना तथा प्रतिबेदनको बिषयमा दिन मिल्ने प्रकृतिको वा दिन नमिल्ने प्रकृति भई संवेदनशिल भएको तथा कुन वर्गको सूचना हो, कहाँ, के कुन अवस्थामा रहेको छ सो सम्बन्धमा स्पष्ट उल्लेख गर्न सकेको देखिदैन। राष्ट्रिय सूचना आयोगले सूचनाको हक सम्बन्धि ऐन २०६४ बमोजिम तोकिएको प्रकृया बमोजिम रिट निवेदकलाई सूचना उपलब्ध गराउने प्रकृया चलिरहेको र रिट निवेदकले यस आयोगमा दिएको पुनराबेदन बिचाराधिन रहेको भनी लिखित जवाफ फिराएको भए पनि निवेदकले राष्ट्रिय सूचना आयोगमा दायर गरेको पुनरावेदन तथा माग गरेको विषयवस्तु सम्बन्धि सूचनाको सम्बन्धमा हाल सम्म पनि आयोगबाट निर्णय हुन सकेको देखिन आएन।

13. सूचना जनताको मौलिक अधिकार हो । यो नै सच्चा लोकतन्त्रको मूल आदर्श पनि हो । सार्वजनिक निकायका पदाधिकारीहरूले जनताको सूचनाको जिम्मा लिने र व्यवस्थित गर्ने र मागेको बेलामा उपलब्ध गराउनु पर्छ । यो लोकतन्त्रको विशिष्ट आधार र संस्कार पनि हो। शासन प्रणालीमा लोकतान्त्रिकीकरण वर्तमान समयको अपरिहार्य र आवश्यकीय पक्ष हो। प्रजातन्त्रको दिगोपना र यसको वास्तविक उपयोगको लागि पारदर्शी सूचना प्रवाहको संयन्त्र सहितको सुसुचित नागरिकको उपस्थिति न्यूनतम आवश्यकता भित्र पर्दछ।

१४. कानुनी रुपमा मात्र सूचनाको हकको प्रत्याभुतिको सार्थकता पुष्टि नहुने भएकोले भौतिक रुपमा त्यस्ता सूचनासम्म नागरिकको पहुँच हुन आवश्यक हुनाले नागरिकलाई सूचनाको हकको सार्थक प्रत्याभुतिका लागि राज्यले मानव अधिकारकै रुपमा पनि अन्तराष्ट्रिय कानूनहरुले ब्यवस्था गरेको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ मा *Everyone has the right to freedom of opinion and expression; this right includes freedom to hold opinions without interference and to seek, receive and impart information and ideas through any media and regardless of frontiers* भन्ने र ICCPR को धारा १९ (२) मा *Everyone shall have the right to freedom of expression; this right shall include freedom to seek, receive and impart information and ideas of all kinds, regardless of frontiers, either orally, in writing or in print, in the form of art, or through any other media of his choice* भन्ने उल्लेख गरी कुनै पनि माध्यमबाट सूचना पाउने हकको प्रत्याभूति गरेको पाईन्छ ।

१५. नेपालमा सर्वप्रथम सूचनाको हकलाई नेपाल अधिराज्यको सविंधान २०४७ को धारा १६ मा उल्लेख गरिएको थियो। सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाहीको निर्णयसँग सम्बन्धित कुनै लिखत सामाग्री वा जानकारी नै सूचना हो भनी उल्लेख गरेको छ। नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर कानून वमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई वाध्य पारिने छैन भन्ने भएको छ। सूचनाको हकसम्बन्धी संविधानको उक्त व्यवस्था निरपेक्ष मौलिक हक नभई कानूनले निर्दिष्ट गरेबमोजिम त्यसको प्रयोग तथा उपभोग गर्न र उचित प्रतिवन्ध लगाउन पाउने (*Reasonable Restriction*) हक भएको भन्ने देखिन्छ।

१६. आजको लोकतान्त्रिक शासन प्रणाली भएको राष्ट्रहरूमा सूचनाको हकको अति नै महत्व हुन्छ। लोकतन्त्रमा समाज खुला हुन्छ। खुला समाजमा सरकारले गरेको काम कारवाही वा अन्य जुनसुकै सार्वजनिक सरोकारको विषयमा सबैलाई थाहा पाउने र छलफल गरी आ–आफ्नो धारणा र विचार व्यक्त गर्ने अधिकार प्राप्त हुन्छ। लोकतन्त्र भनेको खुला समाजमा विश्वास राख्ने राजनीतिक व्यवस्था हो। कानूनले गोप्य राख्न पर्ने संवेदनशील कुराहरू बाहेक लोकतन्त्रमा अन्य सम्पूर्ण कुराहरू खुल्ला हुन्छ। लोकतन्त्रको महत्वपूर्ण विशेषता पारदर्शीता हो। सुसूचित नागरिक नै लोकतान्त्रिक सरकारको शक्ति र बल हो। सुसूचित हुने हक प्रत्येक नागरिकको मौलिक हक भनी आज विश्वव्यापी रुपमा मानिएको छ। सुसूचित हुने हक मात्र नभई प्रत्येक सार्वभौम राष्ट्रको नागरिकको मौलिक हकसमेत मानिएको छ। सरकारले सुसूचित हुने हकलाई समावेशी (*Inclusive*) र सहभागितामुलक लोकतन्त्रमा (*Patricipatory Democracy*) मा सुशासन र सरकारलाई जनताप्रति उत्तरदायी (*Accountable*) बनाउने बलियो माध्यम मान्नुपर्छ। सरकारी काममा जनता, आमनागरिकको जति पहुँच हुन्छ, त्यति नै सरकारलाई जनताप्रति उत्तरदायी (*Accountable*) हुन घच्घच्याई रहने हुँदा नागरिकलाई सुचना प्रवाह गर्दा लोकतन्त्रप्रति जनताको बिश्वास बढ्न जान्छ। यसै सन्दर्भमा यस अदालतवाट "लोकतान्त्रिक राज्य व्यवस्थामा हरेक सरकारी काम कारवाहीको जनताले जस्ताको तस्तै *Censor* नगरी थाहा पाउने हक राख्दछन् र थाहा पाएको हुनुपर्छ। सरकारले

आफूले गरेको काम कारवाहीको प्रतिक्रिया (*Feedback*) जनताबाट अभिव्यक्त विचारबाट नै थाहा पाउने हुँदा जनता सुसूचित हुन अति आवश्यक हुन्छ। लोकतान्त्रिक राज्य व्यवस्थामा गोप्यता (Secrecy), अपवाद (*Exception*) र सूचना सम्प्रेषण नियम (*Rule*) हुनुपर्छ। लोकतन्त्र खुलापनमा आधारित हुने हुँदा राष्ट्र हित र सार्वजनिक हितको लागि गोप्यता नराखी नहुने केही विषय बाहेक अन्य विषय सरकारले जनतालाई सुसूचित गर्नुपर्छ, गुपचुप र गोप्य राख्नु हुँदैन "। (ने.का.प. २०६८, अङ्क ४, निर्णय नं. ८५९४, प्रकरण नं.११) मा सिद्दान्त समेत प्रतिपादन भएको समेत पाईन्छ। राज्यका काम कारवाही लोकतान्त्रिक पद्दती अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेबार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने उद्देश्यले सूचनाको हक सम्वन्धी ऐन, २०६४ जारी भईसकेको अवस्था समेत बिद्यमान छ।

17. प्रस्तुत मुद्दामा रिट निबेदकले बिपक्षीहरु उपर सूचना आयोगमा द.नं. १४७३ मा पुनराबेदन दर्ता गरेको भनी निवेदन पत्रमा उल्लेख गरेको र बिपक्षी मध्येका सुचना आयोगको लिखित जवाफबाट समेत निबेदकको पुनराबेदन बिचाराधिन रहेको भनी उल्लेख गरेको देखिंदा हाल सम्म पनि उक्त पुनराबेदन उपर ऐनले निश्चित गरेको समय सिमा भित्र निर्णय दिएको अवस्था देखिन आएन। नागरिकलाई राज्यका कुनै पनि सरोकारवाला निकायसँग सूचना माग गर्ने अधिकार रहेको हुन्छ । ऐनको दफा ३ बमोजिम सूचनाको बर्गिकरण गरी दिन मिल्ने वा नमिल्ने भनी आधार र कारण सहितको निर्णय सहितको जानकारी ऐनले निर्धारित गरेको समय सिमा भित्र दिनु राज्यका जिम्मेवार निकायको कर्तव्य तथा दायित्व हो। उक्त कर्तव्य र दायित्व बिपक्षी निकायले पुरा गरेको देखिन आएन ।

18. निवेदकले माग गरेको सूचनाको सम्बन्धमा निवेदकहरुले राष्ट्रिय सूचना आयोगमा दायर गरेको पुनराबेदनबाट सम्वोधन हुने भइ निर्णय नभएको बिषय रहेको हुँदा उत्प्रेषणको आदेश जारी गरी रहनु परेन ।तर बिपक्षी राष्ट्रिय सूचना आयोगबाट निवेदकहरुले दायर गरेको पुनराबेदनको सम्बन्धमा कुन के प्रकृतिको हो दिन मिल्ने सूचना भए दिन मिल्ने निर्णय गर्नु तथा निबेदकले माग गरेको सूचना दिन नमिल्ने प्रकृतिको भए सोही बमोजिमको निर्णय गर्नु पर्नेमा हाल सम्म निर्णय नभई ढिलाई गरी राखेको अवस्थाले नागरिकमा सूसुचित हुने हकमा बन्देज लाग्न गएको अवस्था देखिदा तत्कालै निर्णय गर्नको निमित्त राष्ट्रिय सूचना आयोगका नाममा परमादेशको आदेश जारी गर्नु पर्ने देखिन आयो ।

19. तसर्थ बिपक्षी मध्येका राष्ट्रिय सूचना आयोगका नाँउमा निज निवेदकले दिएको पुनरावेदनमा यो आदेश पाएका मितिले ३ महिना भित्र "तराई, मधेश, थरुहट लगायतका क्षेत्रमा विभिन्न राजनीतिक दलहरुले गरेको आन्दोलनको क्रममा भएको हिंसा, हत्या, आगजनी, तोडफोड लगायतका घटनाहरुको सत्य तथ्य छानबीन सम्बन्धी गठित उच्च स्तरीय छानबीन आयोग"को प्रतिवेदन सम्बन्धी निर्णय सिघ्र गर्नु भनी परमादेशको आदेश जारी हुने ठहर्छ । आदेशको कार्यान्वयनका लागि आदेशको प्रतिलिपि विपक्षी राष्ट्रिय सूचना आयोगलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

प्रधान न्यायाधीश

इजलास अधिकृतः बिरेन्द्र प्रकाश खड्का
इति संवत् २०७६ साल आश्विन ३० गते रोज ५ शुभम् .................।